**ECAN को सदस्ययता प्राप्त गर्न हुनु पर्ने योग्यता तथा समावेश गरिनु पर्ने कागजातहरु**

१. कम्पनी दर्ता प्रमाण पत्र

२. PAN/ VAT दर्ता प्रमाण पत्र

३. गत आ.व. सम्मको करचुक्त प्रमाण पत्र

४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावली

५. कम्पनीको प्रमाणीत शेयर लगत

६. सञ्चालकहरुको नागरीकता र फोटो

७. सदस्यता लिने सम्वन्धि सञ्चालक समितिको निर्णय

८. कार्यालयको लोकेशन म्याप

९.कम्तीमा तीनवटा विदेशी विश्वविद्यालय वा Degree Awarding Institution को एजेन्सी लिएको हुनु पर्ने ।

१०. स्नातक वा सो सरह उत्तिर्ण भएको २ परामर्शदाता तथा अन्य प्रशासनिक कर्मचारीको विवरण ।

११. परामर्श तथा भाषा शिक्षणका सन्दर्भमा ECAN ले तोकेको शुल्क लगायतको मापदण्डको पालना गर्ने लिखित प्रतिवद्धता ।

१२. कार्यालयमा उपलब्ध न्युनतम उपकरण तथा साधन श्रोतको विवरण ।

१३. कम्पनीको मुख्य सम्पर्क व्यक्ति सञ्चालक मध्येवाट नै हुनु पर्ने ।

१४. हरेक वर्ष संस्था नविकरण गर्दा सञ्चालकहरुको अद्यावधिक विवरण (शेयर लगत) पेश गर्ने ।

१५. एकै उद्देश्यका एक भन्दा बढि संस्थाहरुको सदस्यता लिएको हुनु नहुने ।

१६. ECAN द्वाराजारी आचार संहितामा सहमती हुनु पर्ने ।

१७. शाखा कार्यालय भएका संस्थाहरुले अलग अलग सदस्यता लिनु पर्ने ।

१८. एकै स्थानबाट शैक्षिक परामर्श बाहेक अन्य कार्यहरु हुने भए सो को विवरण पेश गर्ने ।

१९. सदस्यताको लागि तोकिएको शुल्क बुझाएको हुनु पर्ने ।

२०. निर्धारीत आवेदन फारम भरेको हुनु पर्ने ।

२१. परिक्षणकालीन सदस्यता : नयाँ स्थापीत परामर्शदात्री कम्पनीलाई नयाँ सदस्यता प्रदान गरिने छ । त्यस्ता कम्पनीले कम्पनी दर्ता हुँदाको आ.व. समाप्त भएपछि बुझाउनु पर्ने प्रचलित नियम बमोजिमका कागजातहरु आ.व. समाप्त भएको मितिले ६ महिना भित्र बुझाउने तर अन्य कागजातहरु निवेदन पेश गरेको समयमा नै पेश गर्नु पर्नेछ । यस्ता कम्पनीलाई सो कम्पनी दर्ता भएको आ.व. समाप्त भएको ६ महिनासम्मको लागि परिक्षणकालीन सदस्यता प्रदान गरिनेछ । उक्त अवधि सम्ममा तोकिएका कागजातहरु पेश गरेपछि परिक्षणकालीन सदस्यता पूर्ण सदस्यतामा परिवर्तन हुने छ तर आवश्यक कागजातहरु प्रस्तुत नगरेमा परिक्षणकालीन सदस्यता स्वतः खारेज हुनेछ । परिक्षणकालीन सदस्यलाई संस्थाको आन्तरीक गतिविधीमा चुन्ने तथा चुनिने अधिकार रहने छैन । त्यस्ता कम्पनीले ९ नं. को योग्यता परिक्षणकाल भित्र पुरा गरिसक्नु पर्नेछ ।

२२. समान उद्देश्य भएको अर्को संस्थाले कार्वाही गरेको कम्पनीले सो कार्वाहीको २ वर्ष सम्म ECAN को सदस्यता प्राप्त गर्ने छैन ।

२३. Official Bank Letter or Bank Statement of the company.

२४. घरपटिसँगको घरभाडा सम्झौताको प्रतिलिपि ।

२५. कुनै दुई ECAN सदस्यहरुको सिफारिस पत्र ।

२६. सदस्यता लिनका लागि बुझाईएका सबै प्रतिलिपिहरु अनिवार्य रुपमा प्रमाणित (Notary) गरेको हुनुपर्ने ।

२७. नयाँ सदस्यता शुल्क रु २५,०००/- तथा बार्षिक नविकरण शुल्क बार्षिक रु १०,०००/- लाग्ने छ ।